# माछापुच्छ्रे गाउंपालिकाको आर्थिक ऐन, २०७६

**प्रस्तावनाः**

माछापुच्छ्रे गाउंपालिकाको आर्थिक वर्ष २०७६।०७७ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा संकलनको प्रशासनिक व्यवस्था गर्न बान्छनिय भएकोले, नेपालको संविधान २०७२ को धारा २२८ को उपधारा (२) बमोजिम माछापुच्छ्रे गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " आर्थिक ऐन २०७६" रहेको छ ।

(२) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि माछापुच्छ्रे गाँउपालिका क्षेत्रभर लागु हुनेछ ।

२. **भूमीकर (मालपोत)**ः गाँउपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम भूमी कर (मालपोत) लगाईने र असुल गरिनेछ ।

(२) एकिकृत सम्पत्ति कर पुर्ण कार्यान्वयन भएपछि मालपोत भुमी कर उठाईने छैन ।

(३) मालपोत उठाईएको अवस्थामा एकिकृत सम्पत्ति कर बुझाउंदा पहिले बुझाएको मालपोत रकम समायोजन गरि एकिकृत सम्पत्ति कर असुल गरिने छ ।

३. **घर वहाल कर**ः गाँउपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, पसल, ग्यारेज गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आँशिक तवरले वहालमा लगाए वापत अनुसूची (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिने छ ।

४. **व्यवसाय कर**ः गाँउपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल गरिनेछ ।

५. **जडिबुटी, कवाडी, र जीवजन्तु कर**ः गाँउपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडिमाल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाख, छाला, जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाईने र असुल गरिनेछ ।

६. **विज्ञापन कर**ः गाँउपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **मनोरञ्जन कर**ः गाँउपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **बहाल बिटौरी शुल्क**ः गाँउपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका सेवामा अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोहि अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असुल गरिनेछ ।

९. **सेवा शुल्क ,दस्तुर**ः गाँउपालिका निर्माण संचालन वा व्यवस्थापन गरेका सेवामा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराएको सेवामा सेवाग्राहि बाट अनुसूची(१०) व्यवस्था भए अनुसार शुल्क लगाईने र असूल गरिनेछ ।

१०. **घर नक्सा शुल्कः** गाउँपालिकाभित्र निर्माण गरिने भौतिक संरचनाहरुमा अनुसुची (१२) बमोजिम शुल्क लगाइने र असुल गरिने छ ।

११. **निकासी कर**: गाँउपालिका बाहिर निकासी गरिने ढुङ्गा, बालुवा, गिट्टीमा अनुसूची (१३) बमोजिम कर लगाइने र असुल गरिनेछ ।

१२. **घर धुरीकर**: गाँउपालिका क्षेत्र भित्रका निजि आवास प्रयोजनका लागी बनेका घरधुरीबाट अनुसूची (१४) बमोजिम कर लगाई असुल गरिनेछ ।

तर एकिकृत सम्पत्ति कर बुझाएपछि घरधुरी कर तिर्नुपर्नेछैन । पहिले घरधुरी कर बुझाएकामा एकिकृत सम्पत्ति कर बुझाउंदा पहिले बुझाएको घरधुरी कर समायोजन गरिने छ ।

१३. **एकिकृत सम्पत्ती कर:** (१)गाउँपालिका क्षेत्रभित्र रहेका निजी घर जग्गामा अनुसूची (१५) मा उल्लेख भए अनुसार सम्पत्तिको मुल्यांकन गरि सोहि मुल्यांकनको आधारमा कुल सम्पत्तिको मुल्यांकनमा एकिकृत सम्पत्ति कर लगाइने र असुल गरिने छ ।

(२)आर्थिक वर्षको पौष महिनासम्म एकिकृत सम्पत्ति कर बुझाउनेलाई बिस प्रतिशत छुट दिईने छ ।

(३)आर्थिक वर्षको अन्तसम्म कर नबुझाउनेलाई अर्को आर्थिक वर्षमा कर बुझाउंदा पन्ध्र प्रतिशत जरिबाना लाग्नेछ ।

(४)सम्पत्ति कर मुल्यांकन प्रयोजनको लागि विवरण पेश गर्दा झुटा विवरण पेश गरेमा जुन जग्गाको विवरणमा झुटा गरेको हो त्यसमा लाग्ने करको पचास प्रतिशत जरिवाना लाग्नेछ ।

१४. **प्राकृतिक स्रोत उपयोग कर**: गाउंपालिकाभित्रका प्राकृतिक स्रोत उपयोग गरेबापत अनुसुचि ( १६) बमोजिमको कर लगाइने र असुल गरिने छ ।

१५. **कर छुट**: यस ऐन बमोजिम कुनै व्यक्ति वा संस्थालाई कर छुट दिनु पर्ने भएमा कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्ने छ ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि**: यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलनको लागि गाउं कार्यपालिकाले आवश्यक कार्यविधि बनाउन सक्नेछ ।

**अनुसूची १**

**(नियम २ सँग सम्बन्धित)**

| क.सं. | मालपोत (भुमी कर)प्रति रोपनी) | दर रेट (रु) |
|---|---|---|
| १ | ५ रोपनी सम्मको जम्मा | रु.२०। |
| २ | ५ रोपनी देखी २५ रोपनी सम्म प्रतिरोपनी | रु.१०। |
| ३ | २५ रोपनी भन्दा बढी प्रति रोपनी | रु.१५। |

**अनुसूची २**

**(नियम ३ सँग सम्बन्धित)**

| क.सं. | घर बहाल कर | दर रेट(रु) |
|---|---|---|
| १ | भाडा रकमको | १० प्रतिशत |

**अनुसूची ३**

**(नियम ४ सँग सम्बन्धित)**

| वार्षिक पेशा व्यवसाय दर्ता शुल्क र नविकरण शुल्क | | | |
|---|---|---|---|
| क.सं. | विवरण | दर्ता शुल्क | नविकरण शुल्क |
| १ | रक्सी, वियरको खुद्रा बिकी पसल | २५०० | १५०० |
| २ | चूरोट, विडी, सुर्तीजन्य पदार्थको खुद्रा पसल | १५०० | १००० |

| | | | |
|---|---|---|---|
| ३ | हल्का पेय पदार्थको पसल | २००० | १००० |
| ४ | सूनचांदी पसल | २००० | १००० |
| ५ | औषधी खूद्रा पसल (डक्टर भएको) | २००० | १००० |
| ६ | औषधी खूद्रा पसल (डक्टर नभएको) | २००० | ७०० |
| ७ | हर्वल उत्पादन तथा आयूर्वेदिक औषधी खूद्रा | १००० | ५०० |
| ८ | एग्रोभेट खूद्रा पसल | १००० | ५०० |
| ९ | स्टेशनरी तथा पूस्तक पसल | १५०० | ७०० |
| १० | मुद्रण सामाग्री खरिद बिक्री | १००० | ५०० |
| ११ | कस्मेटिक खुद्रा पसल | १००० | ५०० |
| १२ | मोटरपार्ट सामान बिक्री ग्यारेज सहित | २००० | १००० |
| १३ | मोटरपार्ट सामान बिक्री | २००० | १००० |
| १४ | ग्यारेज मात्र | १००० | ५०० |
| १५ | मोटर साईकल वर्कसप | १००० | ५०० |
| १६ | प्लाई तथा ग्लास हाउस पसल | ५००० | २००० |
| १७ | कपडा, फेन्सी तथा व्याग खूद्रा पसल | २००० | १००० |
| १८ | धागो, टांक, फस्नर खुद्रा पसल | १००० | ५०० |
| १९ | इलेक्ट्रोनिक खुद्रा पसल | १५०० | ५०० |
| २० | अडियो, भिडियो क्यासेट पसल | १५०० | ५०० |
| २१ | विद्युत सामाग्री खूद्रा पसल | १५०० | ७०० |
| २२ | ह्यार्डवयर | १०००० | ३००० |
| २३ | स्टील, आल्मूनियमको खुद्रा पसल | २५०० | १००० |
| २४ | फ्लोरिङ तथा फर्निशर्स खुद्रापसल | ५००० | १५०० |
| २५ | इलेक्ट्रीक साइकल डिलर | १५०० | ७०० |
| २६ | रिकन्डिसन हाउस | ३००० | १५०० |
| २७ | खाद्यान, किराना खूद्रा पसल | १५०० | ५०० |
| २८ | फलफूल, तरकारी पसल | १००० | ५०० |
| २९ | कपडा पसल | १५०० | ५०० |
| ३० | निजी सेवासंचालन गर्ने मेडिकल अफिसर | १५०० | ७०० |
| ३१ | कबिराज | १५०० | ५०० |
| ३२ | इन्जिनियरिङ परामर्श सेवा फर्म | २००० | ७०० |
| ३३ | लफर्म तथा कानून परामर्श सेवा | १५०० | ५०० |
| ३४ | लेखापरीक्षण (सि.ए.) | २००० | १००० |
| ३५ | लेखापरीक्षण (र.ले.प) | १५०० | १००० |
| ३६ | दन्त चिकित्सा सेवा | २५०० | १००० |
| ३७ | अनुसन्धान/परामर्श कर्ता | १५०० | ५०० |
| ३८ | कम्प्युटर एनालिस्ट तथा प्रोग्रामर | १५०० | ५०० |
| ३९ | विमा एजेन्ट | २५०० | ५०० |
| ४० | पशु चिकित्सक | २५०० | ५०० |

| | | | |
|---|---|---|---|
| ४१ | निर्माण व्यवसायी घ वर्ग को प्रमाणपत्र | १०००० | ५००० |
| ४२ | वाटरड्लिङ्ग उद्योग (पुजी लगानीको आधारमा) | ३००० | १००० |
| ४३ | प्लाष्टिक उद्योग | २००० | १००० |
| ४४ | चप्पल उद्योग | २००० | १००० |
| ४५ | ग्रील उद्योग | १००० | ५०० |
| ४६ | साबून उद्योग ठुला | १००० | ५०० |
| ४७ | जूत्ता उधोग | १५०० | ५०० |
| ४८ | जूत्ता मर्मत गर्ने | ५०० | २०० |
| ४९ | पशू आहर उद्योग | २००० | १००० |
| ५० | पशू आहर बिक्री केन्द्र | २००० | १००० |
| ५१ | कृषि फर्म तथा पशूपंछी उद्योग | १५०० | ७०० |
| ५२ | अगरबत्ती उद्योग | ५०० | २०० |
| ५३ | मैनबत्ती उद्योग (लगानीको आधारमा) | ५०० | २०० |
| ५४ | टिकी उद्योग | ५०० | २०० |
| ५५ | अचार उद्योग | ५०० | २०० |
| ५६ | अन्य कुटिर उद्योग | ५०० | २०० |
| ५७ | कपडा उद्योग | ४००० | १५०० |
| ५८ | गार्मेन्ट उद्योग | २५०० | १००० |
| ५९ | ज्याकेट तथा ब्याग उद्योग | २००० | १००० |
| ६० | होजियारी तथा धागो उद्योग | १५०० | ५०० |
| ६१ | सिरक डसना उद्योग/पसल | १००० | ५०० |
| ६२ | ढाका उद्योग | १००० | ५०० |
| ६३ | मिनरल वाटर उद्योग | २००० | १००० |
| ६४ | पिउने पानी सप्लायर्स | १५०० | ७०० |
| ६५ | आइसबरफ उद्योग | १००० | ३०० |
| ६६ | आइसक्रीम उद्योग | १००० | ३०० |
| ६७ | सोडा उद्योग | १००० | २०० |
| ६८ | कांस, तामा, पित्तल, भाडा उद्योग | २००० | १००० |
| ६९ | आल्मूनियम भाडा उद्योग | १००० | ५०० |
| ७० | प्लास्टीक भाडा उद्योग | ३००० | १५०० |
| ७१ | टिनको बाकस, बाल्टी, स्टोभ | १५०० | १००० |
| ७२ | सेलरमिल | २००० | १००० |
| ७३ | कुटानी, पेलानी मिल(हलरसमेत) | १५०० | ७०० |
| ७४ | मसला, चिउरामिल | १५०० | ७०० |
| ७५ | कूकिज/पाउरोटी/नूडल्स उद्योग | १००० | ५०० |

| | | | |
|---|---|---|---|
| ७६ | कन्फेक्सनरी उद्योग | १००० | ७०० |
| ७७ | विस्कूट उद्योग | १५०० | ७०० |
| ७८ | दालमोठ उद्योग | १००० | ५०० |
| ७९ | फलाम कृषि औजार उद्योग | १००० | ५०० |
| ८० | कागज, प्लाष्टिक रिकण्डिसन उद्योग | १००० | ५०० |
| ८१ | हाइड्रोपावर सम्बन्धी पार्ट उत्पादन | ५००० | ३००० |
| ८२ | वायोग्यास उद्योग | ४००० | १५०० |
| ८३ | सौर्य शक्ति उत्पादन उधोग | ३००० | १००० |
| ८४ | मर्मतसंमार पार्ट बिक्री | २००० | ५०० |
| ८५ | समिल/प्लाइउड उद्योग | १५००० | ५००० |
| ८६ | काठ विक्री डिपो | २००० | १००० |
| ८७ | फाईवर र काठको फर्निचर उद्योग | २५०० | १००० |
| ८८ | बेत बांसको उद्योग/व्याम्बो शोरुम | १००० | ५०० |
| ८९ | कंक्रिटव्लक उधोग | ३००० | १५०० |
| ९० | सेनेटरी उद्योग तथा व्यवसाय | २००० | १००० |
| ९१ | गिट्टी वालुवा आदी संकलन तथा बिक्री | ३००० | १५०० |
| ९२ | क्रसर उद्योग | ७५००० | २५००० |
| ९३ | होटल लज (पर्यटक स्तरीय) | ४००० | २००० |
| ९४ | होटल एण्ड लज (स्थानीय) | २००० | १००० |
| ९५ | दोहरी सांझ | ६००० | २००० |
| ९६ | फास्टफुट तथा क्याफे | १००० | ५०० |
| ९७ | रेष्टूरेण्ट | १००० | ५०० |
| ९८ | होटल, भोजनालय (स्थानीय) | १५०० | ७०० |
| ९९ | क्याटरिङ्ग/इभेन्ट मेनेजमेन्ट | २००० | १००० |
| १०० | मिष्ठान पसल | १५०० | ७०० |
| १०१ | टेण्ट हाउस | २००० | १००० |
| १०२ | अफसेट प्रेस | २५०० | १५०० |
| १०३ | स्किन प्रिन्ट प्रेश | १००० | ५०० |
| १०४ | टेलिफोन, मोवाईल, इन्टरनेटसेवा प्रदायक कम्पनी | ५००० | २००० |
| १०५ | ईन्टरनेट वितरक | २००० | १००० |
| १०६ | टि.भि.च्यानल प्रशारण सेवा | ३००० | १५०० |
| १०७ | केबूल च्यानल प्रशारण सेवा | ५००० | २५०० |
| १०८ | एफ.एम.प्रशारण सेवा | १००० | ५०० |
| १०९ | पत्रपत्रिका प्रकाशन सेवा | १००० | ५०० |
| ११० | वाणिज्य वैंक प्रति शाखा कार्यालय | ५००० | ३००० |

| | | | |
|---|---|---|---|
| १११ | विकास बैंक प्रति शाखा कार्यालय | ५००० | ३००० |
| ११२ | लघुवित्त कम्पनीहरु | ५००० | ३००० |
| ११३ | विमा कम्पनीहरु | ५००० | ३००० |
| ११४ | रेमिटान्स तथा मनी एक्सचेन्जर | १००० | ५०० |
| ११५ | वित्तीय सहकारी संस्था | २००० | १००० |
| ११६ | एम.आर.आइ., सि.टि. स्क्यान, अल्ट्रासाउण्ड क्लिनिक | ३००० | १५०० |
| ११७ | पोलीक्लिनिक | ३००० | १५०० |
| ११८ | प्याथोलोजी (दिसा, पिसाव, रगत जांच) क्लिनिक | १००० | ५०० |
| ११९ | अक्युपन्चर, फिजियोथेरापी, स्वास्थ क्लिनिक | १५०० | ७०० |
| १२० | एक्सरेक्लिनिक | १००० | ५०० |
| १२१ | चश्मापसल | ५०० | २०० |
| १२२ | क्याम्पस / स्नातक तह वा सो भन्दा माथी | २०००० | १०००० |
| १२३ | माध्यमिक विद्यालय | १५००० | ७००० |
| १२४ | आधारभूत विद्यालय | ६००० | ३००० |
| १२५ | पूर्वप्राथमिक विद्यालय | ४००० | २००० |
| १२६ | छात्र/छात्रावास | १००० | ५०० |
| १२७ | मन्टेश्वरी तथा शिशूस्याहर केन्द्र | ८०० | २०० |
| १२८ | कम्प्यूटर/ईलेक्ट्रानिक तालीमकेन्द्र | १००० | ५०० |
| १२९ | सवारीचालक तालीम केन्द्र | १००० | ५०० |
| १३० | भषा शिक्षा इन्स्टिच्युट, कोचिङ्ग सेन्टर | १००० | ५०० |
| १३१ | पेन्टिङ्ग | १००० | ५०० |
| १३२ | मोर्वाइल मर्मत पसल | ५०० | २०० |
| १३३ | रेडियो, घडी मर्मत पसल | ५०० | २०० |
| १३४ | ब्युटी पार्लर सेवा | ५०० | २०० |
| १३५ | सैलून २ सीटसम्मको सैलून सेवा | ८०० | ३०० |
| १३६ | ड्राइक्लिनिक सेवा | ५०० | ३०० |
| १३७ | अन्य आर्ट व्यवसाय | ५०० | २०० |
| १३८ | पशू बधशाला | ३००० | २००० |
| १३९ | पशूको छाला संकलन तथा बिक्री केन्द्र | २००० | १००० |
| १४० | प्याकिङ माछा, मासू सप्लायर्स | १५०० | १००० |
| १४१ | अण्डा विक्री पसल | १००० | ५०० |
| १४२ | भांडा तथा किचन सामाग्री पसल | १००० | ५०० |
| १४३ | स्पोटर्स समाग्री, बिक्री पसल | २००० | १००० |
| १४४ | गिफ्ट बिक्री पसल | २००० | १००० |
| १४५ | खेलौना पसल | १००० | ५०० |
| १४६ | फोटो फ्रेम पसल | १००० | ५०० |

| | | | |
|---|---|---|---|
| १४७ | सिलाई मेसिन मर्मत तथा सिलाई पसल | ५०० | २०० |
| १४८ | सिलाई पसल | १००० | ५०० |
| १४९ | सिलाई पसल | १००० | ५०० |
| १५० | बुटिक ल्याब्रटोरी | १००० | ५०० |
| १५१ | साना उद्योग | ३००० | १५०० |
| १५२ | डिस्ट्रीबयूटर्स/थोकपसल | ३००० | १५०० |
| १५३ | खूद्रा सामाग्री बिक्री पसल | २००० | १००० |
| १५४ | सेवा तथा अन्य व्यवसाय | १५०० | १००० |
| १५५ | ट्राभल्स, टुर्स, ट्रेकिङ, एजेन्सी | २००० | १००० |

**अनुसुची ४**

**(नियम ५ सँग सम्बन्धित)**

| क.सं. | सामान | दर (रु) प्रति केजी |
|---|---|---|
| १. | जडीबुटी (सामान्य खालका) | ५०। |
| २. | हाड सिंग | ०.५० |
| ३. | छाला प्रति गोटा | २०। |

**अनुसूची ५**

**(नियम ६ सँग सम्बन्धित)**

| क.सं. | बार्षिक सवारी कर | कर/शुल्क/दस्तुर |
|---|---|---|
| १ | बस, ट्रक, लहरी, डोजर | ५००। |
| २ | भाडाको कारजीप | ३००। |
| ३ | भाडाको टेम्पो | १००। |
| ४ | भाडाको मिनीबस | ४००। |
| ५ | निजि कार टेम्पो मिनिवस | ५००। |
| ६ | स्कुटर, मोटरसाइकल | ५०। |
| ७ | ट्याक्टर ठूलो ४० हर्षपावर भन्दा माथि | ५००। |
| ८ | ट्याक्टर सानो ४० हर्षपावर भन्दा सानो | ३००। |

**अनुसूची ६**

**(नियम ७ सँग सम्बन्धित)**

| क.सं. | विज्ञापन दर | कर/शुल्क/दस्तुर |
|---|---|---|
| १ | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफुट भन्दा माथि | ८०० |
| २ | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफुट सम्म | ५०० |
| ३ | तुल व्यानर एक हप्ताको लागि | २०० |
| ४ | तुल व्यानर एक हप्ता भन्दा बढी | २०० |

**अनुसूची ७**

**(नियम ८ सँग सम्बन्धित)**

| क.सं. | मनोरञ्जन कर | कर/शुल्क/दस्तुर |
|---|---|---|
| १ | जादु, सर्कस र खेलतमासा क्रमश: प्रति दिन | ३०० |
| २ | फिल्म सुटिङ प्रति दिन | ४०० |
| ३ | क्यानोनिङ प्रति दिन प्रति व्यक्ति | १०० |

| | | |
|---|---|---|
| ४ | प्याराग्लाइडिङ, नदीमा र्‍याफ्टिङ गर्ने पर्यटकहरुलाई प्रति व्यक्ति प्रति पटक | ५० |

**अनुसूची ८**

**(नियम ९ सँग सम्बन्धित)**

| क.सं. | वहाल बिटौरीकर | कर/शुल्क/दस्तुर |
|---|---|---|
| १ | फेन्सी/खुद्रा सामान गाडीद्धारा घुमाएर बेच्नेहरुका लागि प्रतिपटक | २०० |
| २ | खाद्यान्न सामान गाडीद्वारा घुमाएर बेच्नेहरुका लागि प्रति पटक | १०० |
| ३ | आलु/तरकारी गाडीद्वारा घुमाएर बेच्नेहरुका लागि प्रति पटक | ५० |
| ४ | पोका/झोलामा सामान राखी मोटर साइकल/मानिस आफैंले बेच्ने प्रति पटक | ५० |
| ५ | नदीमाराफटिङगर्ने पर्यटकहरुलाई प्रति व्यक्ति प्रति पटक | ५० |
| ६ | रांगा, भैंसी बंगूर प्रतिगोटा | २० |
| ७ | खसी बोका प्रति गोटा | ५ |
| ८ | हांस, कुकुरा र अन्य पक्षी प्रति गोटा | ५ |

**अनुसूची ९**

**(नियम १०सँग सम्बन्धित)**

| क.सं. | पार्कीङ शुल्क (प्रतिदिन) | दर रेट (रु) |
|---|---|---|
| १ | पार्कीङशुल्क बस, मिनिबस, ट्रक, मिनि ट्रक | २० |
| २ | कार, भ्यान | १० |
| ३ | मोटर साईकल | ५ |

**अनुसुची - १०**

**नियम ११ संग सम्बन्धित**

| क.सं. | विवरण | | कर/शुल्क/दस्तुर |
|---|---|---|---|
| १) | सिफारिस | | |
| १.१ | नाता प्रमाणित | नेपाली | १०० |
| | | अग्रेजी | २०० |
| १.२ | ट्राभल डकूमेन्ट सिफारिस | | २०० |
| १.३ | जग्गा प्रशासन | नामसारी सिफारिस | ५०० |
| | घरवाटो सिफारिस | मुख्य मार्गको दाया वाया | ४००/३०० |
| | | भित्री शाखा बाटो दाया वाया | ३०० |
| | | मोटर बाटोमा नपर्ने (सवै) | २०० |
| १.४ | चार किल्ला प्रमाणित सिफारिस | | २०० |
| १.५ | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस | | ३०० |
| १.६ | हकवाला संरक्षण सम्बन्धी सिफारिस | | २०० |
| १.७ | संघ संस्था दर्ता सम्बन्धी (युवा क्लब, आमा समूह) | | ५०० |
| १.८ | निजी विद्यालय दर्ता र स्तर बृद्धि (स्तर अनुसार) | शिशु विकास केन्द्र: | ५००० |
| | | आधारभुत | १०००० |
| | | मा.वि | २०००० |
| | | स्नातक तह र सो भन्दा माथि | ५०००० |
| १.९ | रुख कटान सिफारिस | खयर र साल प्रति रुख | ५०० |

| | | | |
|---|---|---|---|
| | | अन्य काठजन्य प्रति रुख | ३०० |
| १.१० | अंग्रेजी रुपान्तर | | ४०० |
| १.११ | वंशजको नागरिकता सम्बन्धी सिफारिस | | १०० |
| १.१२ | अंगिकृत नागरिकता सम्बन्धी सिफारिस | | ५०० |
| १.१३ | नाम छुटको सिफारिस | | २०० |
| १.१४ | करचुक्ता प्रमाण पत्र | | २०० |
| १.१५ | सनाखतको सिफारिस | | २०० |
| १.१६ | जन्म, विवाह, मृत्यु सम्बन्धी सिफारिस | | २०० |
| १.१७ | अविवाहित प्रमाणित | नेपाली | ५०० |
| | | अंग्रेजीमा | ७०० |
| १.१८ | स्थायी बसोबास सम्बन्धी सिफारिस | | २०० |
| १.१९ | नाम, थर, जन्म मिति संशोधन सिफारिस | | २०० |
| १.२० | सर्जमिन मुचुल्का शुल्क | | ३०० |
| १.२१ | अमिन शुल्क प्रति दिन | | ३५०० |
| १.२२ | बिधुत जडान सम्बन्धी सिफारिस | सामान्य | ५०० |
| | | थ्रिफेज | २००० |
| १.२३ | टेलिफोन जडान सम्बन्धी सिफारिस | | ५०० |
| १.२४ | नक्सापास | नक्सापास संसोधन | २००० |
| | | नक्सापास म्याद थप | २००० |
| | | नक्सापास नामसारी | १००० |
| १.२५ | चारित्रिक सिफारिस | | ५०० |
| १.२६ | कन्सुलर प्रमणित | | ३०० |
| | | | |
| | | | |
| | | | |
| १.२७ | विद्युत, टेलिफोन, खानेपानी सम्बन्धी नामसारी सिफारिस | | ५०० |
| १.२८ | उद्योग दर्ता सिफारिस | लघु उद्योग (स्थिर पूंजी ५ लाख सम्म) | १०० |
| | | घरेलु उद्योग (परम्परागत उद्योग) | १०० |
| | | साना उद्योग (१० करोड सम्म) | ५०० |
| | | मझौला (१० करोड देखी २५ करोड सम्म) | १५०० |
| | | ठूला उद्योग (२५ करोड माथी) | ५००० |
| १.२९ | छात्रवृत्ति सम्बन्धी सिफारिस | | २०० |
| १.३० | निशुल्क उपचार सिफारिस | | निशुल्क |
| १.३१ | प्राकृतिक स्रोत सम्बन्धि सहमती सिफारिस | | ५०० |
| १.३२ | डोजर, एक्जाभेटर संचालन अनुमती | | प्रति दिन २०० |

| २ | **सेवा शुल्क** | **कर/शुल्क/दस्तुर** |
|---|---|---|

| | | | |
|---|---|---|---|
| २.१ | निवेदन फाराम तथा अनुसुचि फाराम (प्रतीपाना) | | १० |
| २.२ | व्यक्तिगत घटना दर्ता जरिवाना (३५ दिन कटेका) | | १०० |
| २.३ | पति पत्नीको सम्बन्ध विच्छेद निवेदन दर्ता दस्तुर | | २०० |
| २.४ | निवेदन दर्ता शुल्क (न्यायिक समिति) | | १०० |
| २.५ | भवन निर्माण दरखास्त फाराम | | ५०० |
| २.६ | परीक्षा सम्बन्धी दरखास्त फाराम शुल्क | | ५० |
| २.७ | परिक्षा दस्तुर | सहायक स्तर | ७०० |
| | | अधिकृत स्तर | १००० |
| | | प्रत्येक समावेशी समूहको लागि थप रु. | २०० |
| २.८ | निवेदन नक्कल प्रति पाना | कार्यालयले सार्दा | ५ |
| २.९ | घरपालुवा कुकुर दर्ता र नवीकरण दस्तुर | | ३० |
| २.१० | भरुवा बन्दुक नवीकरण दस्तुर | जिल्ला भर | १०० |
| | | राज्य भर | २०० |
| २.११ | घर निर्माण नक्शाको नक्कल दस्तूर | एक तला | १५ |
| | | सोभन्दा माथि प्रति तल्ला थप | ५ |
| २.१२ | मिलापत्र दस्तूर | प्रति पक्ष | ३०० |
| २.१३ | सम्पती मुल्याङ्कन सेवा शुल्क | प्रति हजार | १ |
| | | | |
| **३** | **आयस्रोत प्रमाणित** | | **कर/शुल्क/दस्तुर** |
| ३.१ | रु.१० लाख सम्म | | १००० |
| ३.२ | रु.२० लाख सम्म | | १५०० |
| ३.३ | रु.३० लाख सम्म | | २००० |
| ३.४ | रु.४० लाख सम्म | | ३००० |
| ३.५ | रु.५० लाख सम्म | | ५००० |
| ३.६ | रु.५० लाखभन्दा बढी प्रत्येक १० लाखमा | | २०० का दरले थप |

**अनुसुची ११**

**अनुसुची १२**
**(नियम १३ सँग सम्बन्धित) घरनक्शा पास शुल्क**

| घर नक्शापास दस्तुर | | | |
|---|---|---|---|
| **क.सं.** | **भौतिक संरचनाको विवरण** | | **करको दर (प्रति व.फी.) ने.रु.मा** |
| | | | **नक्सापास क्षेत्र** |
| १ | आर. सी. सी. फ्रेम स्ट्रक्चर | पूर्ण भुमिगत तला | ५ |
| | | अर्ध भुमिगत तला | ६ |
| | | जमिन तला | ८ |
| | | पहिलो तला | १० |

| | | | |
|---|---|---|---|
| | | दोश्रो तला | १२ |
| | | तेश्रो तला | १५ |
| | | चौथो तला | २० |
| | | पाचौ तल्ला वा सो भन्दा माथि | २५ |
| २ | जोडाईमा इटा वा ढुंगाको गारो (न्युनतम २३ से.मी. मोटाई) आर.सी.सी., जस्तापाता छाना | | ४ |
| ३ | माटोको जोडाईमा इटा वा ढुंगाको (प्रमाण दिने) | | एकमुष्ठ रु. १००० |

**अनुसुची १३**
**नियम १४ सँग सम्बन्धित) निकासीकर**

| क.सं. | निकासीकर | कर/शुल्क/दस्तुर |
|---|---|---|
| १ | स्पेशल ढुङ्गा प्रती घनमिटर | १।०० |
| २ | लोकल ढुङ्गा प्रति घनमिटर | ५०।०० |
| ३ | बालुवा प्रति घनमिटर | ५०।०० |
| ४ | गिटी/चोकर प्रति घनमिटर | ५०।०० |

## अनुसुची १४
## (नियम १५ सँग सम्बन्धित) घरधुरीकर

| क.सं. | घरधुरीकर | कर/शुल्क/दस्तुर |
|---|---|---|
| १ | कच्ची घर | ५०।०० |
| २ | पक्की घर | २००।०० |

**अनुसुची १५**
**(नियम १६ सँग सम्बन्धित) एकिकृत सम्पत्ती कर**

| माछापुच्छ्रे गा.पा वडा नं. १, | | | |
|---|---|---|---|
| **क्र.सं.** | **साविक माछापुच्छ्रेगा.वि.स** | **इकाई** | **रकम** |
| क | लाहाचोक हुदै माछापुच्छ्रे जाने ग्रामिण सडक दायावायाको जग्गा | प्रतिरोपनी | ७,५०,००० |
| ख | अन्य मोटरेबल बाटो दायावायाको जग्गा | प्रतिरोपनी | २,२०,००० |
| ग | **खेत तर्फ** | प्रतिरोपनी | १,५०,००० |
| घ | **पाखो तर्फ** | प्रतिरोपनी | २५,००० |
| **माछापुच्छ्रे गा.पा वडा नं. २** | | | |
| **क्र.सं.** | **साविक सार्दिखोलागा.वि.स** | **इकाई** | **रकम** |
| क | लामाचौर माछापुच्छ्रे पक्की सडक हेल्थपोष्ट सम्म दायावायाको जग्गा | प्रतिरोपनी | ८,००,००० |
| ख | अन्य सहायक मोटरेबल बाटो दायावायाको जग्गा | प्रतिरोपनी | ५,५०,००० |
| | **खेत तर्फ** | प्रतिरोपनी | १,५०,००० |
| ग | **पाखो तर्फ** | प्रतिरोपनी | ८०,००० |
| **माछापुच्छ्रे गा.पा वडा नं. ३** | | | |
| **क्र.सं.** | **साविक घाचोक गा.वि.स** | **इकाई** | **रकम** |

| | | | |
|---|---|---|---|
| क | हेमजा मिलनचोक देखि लाहाचोक, घाचोक, शुक्ला गण्डकी मा.वि., भुजेलथर गा.वि.स हुदै माछापुच्छ्रे जाने मुलबाटोको दायाँबायाँ | प्रतिरोपनी | ८,००००० |
| ख | अन्य सहायक मोटरेबल बाटो दायावायाको जग्गा | प्रतिरोपनी | ६,००००० |
| ग | **खेत तर्फ** | प्रतिरोपनी | २००००० |
| घ | **पाखो तर्फ** | प्रतिरोपनी | १,००००० |
| **माछापुच्छ्रे गाउंपालिका वडा नं. ४ लाहाचोक** | | | |
| **क.सं.** | **साविक लाहाचोक गा.वि.स** | **इकाई** | **रकम** |
| क | लाहाचोक हुदै माछापुच्छ्रे जाने मुल बोटोको दायाबायाको जग्गा | प्रतिरोपनी | १५००००० |
| ख | जोगीचौर- बानेटाकुरा दायावायाको जग्गा | प्रतिरोपनी | १५००००० |
| ग | अन्य सहायक मोटरेबल बाटो दायावायाको जग्गा | प्रतिरोपनी | १०००००० |
| घ | **खेत तर्फ** | प्रतिरोपनी | ५००००० |
| ङ | **पाखो तर्फ** | प्रतिरोपनी | २००००० |
| च | **मूल गुरु बाटो समीवगर जाने बाटोको दायां बायांको जग्गा** | प्रतिरोपनी | १५००००० |
| **माछापुच्छे गा.पा. वडा नं. ५ रिभान** | | | |
| **क.सं.** | **साविक रिभान गा.वि.स** | **इकाई** | **रकम** |
| क | लाहाचोक रिभान ग्रामीण सडक दायावायाको जग्गा | प्रतिरोपनी | ४,५०,००० |
| ख | मर्दीपुल रिभान हिलेबगर सडक दायावायाको जग्गा | प्रतिरोपनी | ४,५०,००० |
| ग | अन्य शाखा बाटो दायावायाको जग्गा | प्रतिरोपनी | २,००००० |
| घ | **खेत तर्फ** | प्रतिरोपनी | १,५०,००० |
| ङ | **पाखो तर्फ** | प्रतिरोपनी | ६०,००० |
| **माछापुच्छ्रे वडा नं. ६.धिताल** | | | |
| **क.सं.** | **साविक साविक धिताल गा.वि.स** | **इकाई** | **रकम** |
| क | हेमजा-अस्ताम-धम्पुसग्रामिण सडक दायावायाको जग्गा | प्रतिरोपनी | ६,००००० |
| ख | गैरीगाउं- धिताल सडक दायावायाको जग्गा | प्रति रोपनी | ५,००००० |
| ख | अन्य सहायक मोटरेबल बाटो दायावायाको जग्गा | प्रतिरोपनी | ३,००००० |
| घ | **खेत तर्फ** | प्रतिरोपनी | १,५०,००० |
| | **पाखो तर्फ** | प्रतिरोपनी | १,५०,००० |
| **माछापुच्छ्रे गाउंपालिका वडा नं. ७ धम्पुस** | | | |
| **क.सं.** | **साविक साविक धम्पुस गा.वि.स** | **इकाई** | **रकम** |
| क | घट्टेखोला, धम्पुस ग्रामीण सडक दायावायाको जग्गा | प्रतिरोपनी | ७००००० |
| ख | देउराली- खानीगाउं सडक दायावायाको जग्गा | प्रतिरोपनी | ५००००० |
| ग | धम्पुस- छापा- देउराली सडक दायावायाको जग्गा | प्रतिरोपनी | ७००००० |
| घ | अन्य सहायक मोटरेबल बाटो दायावायाको जग्गा | प्रतिरोपनी | ३५०००० |
| ङ | **खेत तर्फ** | प्रतिरोपनी | १३०००० |

| | | | |
|---|---|---|---|
| च | **पाखो तर्फ** | प्रतिरोपनी | ७०००० |

**माछापुच्छ्रे गाउंपालिका वडा नं ८ ल्वाङघलेल**

| क्र.सं. | साविक साविक ल्वाङघलेलगा.वि.स | इकाई | रकम |
|---|---|---|---|
| क | धिताल भेडाबारी लुम्रे सैदीघट्ट ग्रामिण सडक दायावायाको जग्गा | प्रतिरोपनी | ८००००० |
| ख | अन्य सहायमोटरेबल बाटो दायावायाको जग्गा | प्रतिरोपनी | ३००००० |
| ग | **खेत तर्फ** | प्रतिरोपनी | १३०००० |
| घ | **पाखो तर्फ** | प्रतिरोपनी | ६०००० |

**माछापुच्छ्रेगाउंपालिका वडा नं ९ घलेल**

| क्र.सं. | साविक साविक ल्वाङघलेलगा.वि.स | इकाई | रकम |
|---|---|---|---|
| क | डम्फल डाँडा क्वीवांग सैतीखोला हिले बगर दायावायाको जग्गा | प्रतिरोपनी | ४००००० |
| ख | लुम्रे घलेल कालीमाटि नागि सिदिङ हिले बगर दायावायाको जग्गा | प्रतिरोपनी | ३५०००० |
| ग | अन्य सहायक बाटो दायावायाको जग्गा | प्रतिरोपनी | २००००० |
| घ | **खेत तर्फ** | प्रतिरोपनी | १५०००० |
| ङ | **पाखो तर्फ** | प्रतिरोपनी | ५०००० |

## एकिकृत सम्पत्तिकरको दर

| क्र.सं. | कर योग्य सम्पत्तिको मुल्य रु. | बार्षिक कर दर |
|---|---|---|
| १ | पांचलाख रुपिया सम्मको मुल्यांकनमा | एकमुष्ठ रु.५० |
| २ | पांचलाख देखि पचास लाख रुपियासम्म | प्रति लाख रु.१० |
| ३ | एकाउन्न लाख रुपिया देखि एक करोड रुपियासम्म | प्रति लाख रु.२० |
| ४ | एक करोड एकलाख रुपिया देखि दुई करोड रुपिया सम्म | प्रति लाख रु. २५ |
| ५ | दुई करोड एकलाख रुपिया देखि तिन करोड रुपिया सम्म | प्रति लाख रु. ३० |
| ६ | तिन करोड एक लाख रुपिया देखि पांच करोड रुपिया सम्म | प्रति लाख रु. ४५ |
| ७ | पांच करोड एकलाख रुपिया देखि माथि | प्रति लाख रु. ५० |

**अनुसुचि १६**

## (नियम १७ संग सम्बन्धित)

| ४ | प्राकृतिक स्रोत साधन उपयोग कर | | कर/शुल्क/दस्तुर |
|---|---|---|---|
| ४.१ | गिटी, ढुंगा, ग्राभेल | प्रतिघन मिटर | १५० |
| ४.२ | वालुवा, | प्रतिघन मिटर | १५० |
| ४.३ | कटिङ ढुंगा (घरको भित्तामा टास्ने) | प्रति ट्रक | ५०० |
| | | प्रति ट्राक्टर | ३०० |
| ४.४ | छपनी सादा ढुंगा (प्रति ट्रक) | प्रति ट्रक | ३०० |
| | | प्रति ट्राक्टर | २०० |
| ४.५ | कालीमाटी र रातो माटो | प्रति ट्रक | २०० |
| | | प्रति ट्राक्टर | १०० |

आज्ञाले,

नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत